annapurnapost.com
# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक १४९, पृष्ठ ८ | काठमाडौं, शुक्रबार १० असोज २०८२ | आश्विन शुक्लपक्ष पञ्चमी, नेपाल संवत् ११४२ | FRIDAY, SEPTEMBER 26, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

## प्रधानमन्त्री मातहतबाट हटे राजस्व अनुसन्धान, सम्पत्ति शुद्धीकरण राष्ट्रिय अनुसन्धान विभाग



**काठमाडौं** (अन्नपूर्ण) : सरकारले राजस्व अनुसन्धान विभाग र सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागलाई अर्थ मन्त्रालयको कार्यक्षेत्रमा सार्ने निर्णय गरेको छ। त्यस्तै राष्ट्रिय अनुसन्धान विभागलाई गृह मन्त्रालयको मातहतमा ल्याइएको छ। मन्त्रिपरिषद् बैठकले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मातहतमा रहेका ती निकायलाई अर्थ र गृह मन्त्रालय मातहतमा फिर्ता ल्याउन निर्णय भएको सरकारका प्रवक्ता सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले जानकारी दिए।

तत्कालीन केपी शर्मा ओली नेतृत्वको सरकारले यी तीन विभागलाई प्रधानमन्त्री मातहतमा लगेको थियो। मन्त्री खरेलका अनुसार जेन-जी आन्दोलनका क्रममा मृत्यु भई पहिचान खुलेका मृतक नेपाली नागरिक (भाग्ने क्रममा मृत्यु भएका कैदीबन्दी र बालबन्दीबाहेक) का परिवारलाई प्रतिपरिवार १० लाख आर्थिक सहयाता तथा काजकिरिया खर्च, खाना खर्च, यातायात खर्च गरी ५ लाख रुपैयाँ उपलब्ध गराउने निर्णय गरेको छ। जेन-जी आन्दोलनका क्रममा मृत्यु हुनेको संख्या ७५ पुगेको छ। जसमा १० जना कैदीबन्दी र बालबन्दी छन्।

मन्त्रिपरिषद् बैठकले सुरक्षण मुद्रणसम्बन्धी नियमावली स्वीकृत गरेको छ भने अनलाइन सञ्चारमाध्यम दर्ता तथा नवीकरण सूचना विभागबाटै गर्न सकिने व्यवस्था गरिएको खरेलले बताए। बैठकले सरकारको प्रवक्तामा खरेललाई तोक्ने निर्णय गरेको छ।

कभर स्टोरी



# उठ्ने तरखर गर्दै सुदूर सरकार

जेन-जी आन्दोलनले अधिकांश भौतिक संरचना ध्वस्त भएपछि खरानीबाट उठ्ने प्रयास गर्दैछ, सुदूरपश्चिम सरकार। संरचनागत हिसाबमा सुदूरपश्चिम प्रदेशमा पनि निकै नै ठूलो क्षति पुगेको छ। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित ७ वटा मन्त्रालय ध्वस्त छन्। प्रदेशसभा भवन ध्वस्त छ। रातो स्टिकर लगाइएका भवनबाटै केही मन्त्रालयले काम त सुरु गरेका छन्, तर जोखिम पनि उस्तै छ।

**शिवराज भट्ट** | *धनगढी*

**- को रिपोर्ट**

समाचार पृष्ठ २

# 'भ्रष्टाचारबारे छोटो समयमा स्पष्ट जानकारी छ, छानबिन हुन्छ'

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

अन्तरिम सरकारका प्रधानमन्त्री सुशीला कार्कीले भ्रष्टाचारको छानबिन र दोषीलाई कारबाही गर्ने प्रक्रिया सशक्त रूपमा अघि बढाउने संकेत गरेकी छिन्। जेन-जी आन्दोलनको बलमा गठन भएको अन्तरिम सरकारका प्रधानमन्त्री कार्कीले बिहीबार सम्बोधन गर्दै यस्तो संकेत गरेकी हुन्। 'वर्तमान सरकारले विगतमा भएका भ्रष्टाचारको सन्दर्भमा यो छोटो समयमा स्पष्ट जानकारी पाइसकेको छ,' कार्कीले भनिन्, 'तसर्थ, त्यसको आवश्यक छानबिन गरी दोषीलाई कारबाहीको प्रक्रिया अगाडि बढाउनेछ।' तर, भ्रष्टाचारको छानबिन कार्य अख्तियारमार्फत गर्ने वा अरू कुनै नयाँ निकाय गठन गरेर गर्नेबारे भने प्रधानमन्त्री कार्कीले खुलाइनन्।

प्रधानमन्त्री कार्कीले जेन-जी आन्दोलनका क्रममा नेताहरूका घरमा ठूलो मात्रामा भेटिएका नोटबारे छानबिन सुरु भएको बताएकी छन् । उनले भनिन्, 'प्रदर्शनका क्रममा व्यक्तिका निजी घर तोडफोड र आगजनी हुँदा अस्वाभाविक रूपमा देखिएका नगद रकमका सन्दर्भमा सरकारका सम्बद्ध निकायले छानबिनको कारबाही सुरु गरिसकेको छ।'

जेन-जी आन्दोलनका क्रममा पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा, पुष्पकमल दाहाल प्रचण्ड, तत्कालीन ऊर्जामन्त्री दीपक खड्कालगायतको घरमा जलेका नोटहरू भेटिएका दृश्य सामाजिक सञ्जालमा देखिएका थिए। सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले ती नोटहरू संकलन गरी अनुसन्धान गरिरहेको छ।

निर्वाचनको म्यान्टेड पाएर बनेको कार्की नेतृत्व सरकारका गृहमन्त्री ओमप्रकाश अर्यालले पनि सरकार जुनसुकै हदसम्म पनि जाने संकेत गरेका छन्। उनले भने, 'राज्यका अनुसन्धान गर्ने सक्रिय भइसकेका छन्, भ्रष्टाचार र सुशासनमा यो सरकारले खुट्टा टेक्छ भनेर प्रधानमन्त्रीले भनिसक्नु भएको छ, सुशासनको मामिलामा खुट्टा टेकेन भने यो सरकारको औचित्य पनि रहँदैन।'



> प्रदर्शनका क्रममा व्यक्तिका निजी घर तोडफोड र आगजनी हुँदा अस्वाभाविक रूपमा देखिएका नगद रकमका सन्दर्भमा सरकारका सम्बद्ध निकायले छानबिनको कारबाही सुरु गरिसकेका छन् ।
>
> **सुशीला कार्की**, प्रधानमन्त्री

» बाँकी पृष्ठ ६

